# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहीकरण रणनीति-२०७८

## माडी गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

घर्तीगाउँ रोल्पा, लुम्बिनी प्रदेश

माडी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## घर्तिगाउँ, रोल्पा

### लुम्बिनी प्रदेश, नेपाल

### शुभकामना मन्तव्य

लैंगिक समानता र सामाजिक समावेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानून तथा महासन्धिहरुको कार्यान्वयन गर्ने र नेपाललाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउने सन्दर्भमा नेपालको संविधानले लैंगिक विभेद र सबै प्रकारका जातीय विभेदको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। नेपालको संविधान बमोजिम जारि गरिएका लैंगिक समानता तथा समावेशीकरण सम्बन्धि विभिन्न नीति तथा कानूनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई जोड दिदै यसलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ।
राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानूनहरुको स्थानीयकरण गरि गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशी मैत्री बनाउन माडी गाउँपालिका लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ तयार गरि कार्यान्वयन गरिरहेको सन्दर्भमा प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश नेपालगंज, बाँकेको सहयोग र ग्रामिण विकास तथा सचेतना समाज (रुडास), नेपालको सहजिकरणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति, २०७८ तयार गरिएको छ। यस रणनीतिले गाउँपालिकाको नीति, कानून, योजना कार्यक्रम, सेवा प्रवाह र संस्थागत संरचनालाई लैससामैत्री , संवेदनशिल तथा उत्तरदाई बनाउन, लैससासँग अन्तरसम्बन्धि मुद्दाहरुलाई विकास प्रक्रियामा समावेश गर्न, महिला तथा पिछडिएका वर्ग समुदायको सशक्तीकरण गर्दै विकासका कार्यक्रमको लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्न, समाजमा वन्चितिकरणमा परेका सबै समुदायलाई समग्र विकास प्रक्रियामा सहभागिता सुनिश्चित गर्न मार्गनिर्देशन गर्ने विश्वास लिईएको छ। यो रणनीति तयार गर्न सहयोग गर्ने प्रदेश प्रशिक्षण प्रतिष्ठान, सहजीकरण गर्ने संस्था रुडास, नेपाल र आफै प्रत्यक्ष सहभागी भएर कार्य गर्ने सम्पूर्ण जनप्रतिनिधि मित्रहरु र सम्पूर्ण कर्मचारीहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु। साथै यो रणनीति कार्यान्वयनमा पनि सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

(इश्वरी प्रसाद गौतम)
नि. प्रमुख प्रशासकीय अधिकृत

Website: www.madimunrolpa.gov.np Email: madimunrolpa@gmail.com Phone : 086416013

# विषयसूची

**परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा परिचय**
१.१. पृष्ठभूमि ........................................................................................१-२
१.२. माडी गाउँपालिकाको संक्षिप्त परिचय ...............................................२
१.३. लैससास रणनीति निर्माणको उद्देश्य र बिधि प्रक्रया .............................२-३
१.४ संक्षिप्त नाम र परिभाषा.....................................................................३-५
**परिच्छेद २ लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण**
२.१. माडी गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण...................५-७
२.२. लक्षीत समूह प्राथमिकिकरण र प्रमुख सवाल पहिँचान ..........................................७-९
२.३. लैससास क्षेत्रमा क्रियाशिल सरोकारवाला बिश्लेषण ...........................................१०-१३
२.४ गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण .........................१४
२.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु ...................................... १५
२.६. गाउँपालिकाको आगामी लैससास रणनीतिका लागि लक्षित कार्यक्षेत्रहरु ..................१५-१६
२.७. गाउँपालिकाको लैससास रणनीतिको समयाबधी ............................................ १६-१७
**परिच्छेद ३ लैससास रणनीतिको परिकल्पजना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यतन, औचित्यता, प्रमुख रणनीति तथा कार्यनीति र कार्ययोजना**
३.१. लैससास मूलप्रवाहीकरण रणनीतिको परिकल्पना ...................................................१७
३.२ लैससास मूलप्रवाहीकरण रणनीतिको ध्येय ..........................................................१७
३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको लक्ष्य ...................................................... ...१७
३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको उद्देश्यहरु..................................................... १७
३.५ लैससास मूलप्रवाहीकरण रणनीतिको मुल्यमान्यता ..........................................१७
३.६ लैससास मूलप्रवाहीकरण रणनीतिको औचित्यता ................................................. १८
३.७ लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु .........................................१८-२३
३.८. लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन कार्ययोजना .............................. २४-२७
**परिच्छेद ४ लैससास रणनीति कार्यान्वयन तथा अनुगमन प्रणाली**
४.१ लैससास रणनीति कार्यान्वयनका लागि आबश्यक संस्थागतसंयन्त्र...........................२८-२९
४.२. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन ..........................................२९
४.३.. अनुगमन प्रणाली ...........................................................................२९-३१
४.४. सम्भावित जोखिम तथा जोखिम न्यूनिकरणका उपायहरु ..............................३२-३३
४.५.. कानुनी ब्यबस्था तथा पुनरावलोकन ................................................. ३३
**अनुसुची : ........................................................................................३४**-३८
अनुसुची १ लैससास रणनीति निर्माण तथा कार्यान्वयनका लागि गाउँपालिकास्तरीय कार्यदलको बिबरण
अनुसुची २. गाउँपालिका भित्र क्रियाशिल सरोकारवालाहरुको बवरण
अनुसुचि ३. समूह छलफलमा सहभागिहरुको बिवरण
अनुसुचि ४. लैससास रणनीति निर्माण कार्यशालामा सहभागिहरुको बिबरण
अनुसुचि ५. लैससास निर्माण क्रममा अध्ययन तथा बिश्लेषण गरिएका दस्ताबेजहरु

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहीकरण रणनीति

## परिच्छेद १

## पृष्ठभूमि तथा परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसैगरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक धारा ४२ मा सामाजिक न्यायको हकको ब्यबस्था गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएका राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८ नमुना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तब्य तथा अधिकारमा लैससास सम्बन्धी ब्यबस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरण सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव

अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले ससस्त्र द्वन्द्वको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ । सन १९९५ को बेइजिङ सम्मेलनको घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ । दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ । माथि उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरि माडी गाउँपालिकालाई लैससासमैत्री बनाउन लैससास मूलप्रबाहिकरण रणनीतिले मार्गर्दिश गर्ने विश्वास गरिएको छ ।

## १.२. गाउँपालिकाको संक्षिप्त परिचय :

रोल्पा जिल्लाको १० वटा स्थानीय तहहरु मध्ये माडी गाउँपालिका एक हो । माडी नदीको नामबाट नामाकरण गरिएको यस गाउँपालिकाको केन्द्र घर्तिगाउँमा छ । रोल्पा जिल्लाको सदरमुकाम देखि २७ कि.मी. उत्तर दक्षिण भागमा अवस्थित छ । साविकको ५ वटा गाबिस मिलेर बनेको यो गाउँपालिका ६ वटा वडामा बिभाजन गरएको छ । यस गाउँपालिकाको क्षेत्रफल १२९।०५ बर्ग कि.मी. छ । यस माडी गाउँपालिलकाको पुर्वमा रोल्पा नगरपालिका, पश्चिममा गंगादेव गा.पा., उत्तरमा परिवर्तन गाउँपालिका र दक्षिणमा त्रिबेणी गा.पा. रहेका छन् । बि.सं. २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको कूल जनसंख्या २४३१२ रहेको छ । समुन्द्री सतह देखी करिव ९०० मिटर देखि २७०० मि सम्म्को उचाइमा रहेको छ । मगर जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा अन्य जनजाती, दलित, क्षेत्री अगायत अन्य जातीको बसोबास छ । मगर भाषा बोल्नेहरुको बाहुल्यता रहेपनि नेपाली भाषा पनि बोल्ने गरिन्छ । धार्मीक रुपमा प्रकृति पुजामा बश्वास गरे पनि हिन्दु, बौद्ध, क्रिश्चियन धर्म मान्नेहरु पनि छन् ।

गाउँपालिकाको सबै वडाहरुमा सडक सञ्जाल बिस्तार भएपनि धुलौटे र कच्ची सडकमात्र रहेकोले बर्षातको समयमा यातायात सेवा अबरुद्ध हुने गर्दछ । बाह्रै महिना सडक पहुँच हुन नसक्दा बिशेषगरी गर्भवती महिलाको स्वास्थ्य जाँच, सुत्केरी सेवा, स्वास्थ्य उपचारमा कठीनाई भएको र वडा तथा गाउँपालिकाबाट नियमित पाउने सेवामा समेत सहज पहुँचमा कठीनाई भएको छ । गाउँपालिकाको बिकट क्षेत्रमा बसोबास गर्ने र पछाडी पारिएको बर्ग समुदाय लगायत सबै वडाले समानुपातिक लाभ सुनिश्चित गर्ने गरी समतामूलक विकास प्रक्रिया अवलम्वन गर्नु आवश्यक देखिन्छ ।

## १.३. लैससास रणनीति निर्माणको उद्देश्य र बिधि तथा प्रक्रिया :

### १.३.१. लैससास रणनीति निर्माणको उद्देश्यहरु :

लैससास रणनीतको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि गाउँपालिकाले गर्ने सम्पुर्ण बिकास यो्जना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बिकास बनाउन आर्थिक स्रोतको सुनिश्चतता, उपलब्धी तथा लाभको समतामूलक बितरण र उपयोगी बनाउने रहेको

क. गाउँपालिकाको नीति, कानुन, योजना, कार्याक्रम, सेवा प्रबाह र संस्थागत संरचनालाई लैससास मूलप्रबाहिकरण रणनीति मार्फत लैससासमैत्री, संबेदनशिल तथा उत्तरदायि बनाउन सहयोग गर्ने ।

ख. लैंससाससंग अन्रसम्बन्धीत मुद्धाहरुलाई बिकास प्रक्रियामा समाबेश गर्ने ।

ग. महिला तथा पिछडिएका बर्ग समुदायको सशक्तिकरण गर्दै बिकासका कार्यक्रमको लाभ प्राप्तीमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

घ. समाजमा बञ्चितिकरणमा परेका वर्ग, लिंग, क्षेत्रका समुदायलाई सशक्तिकरण माध्ययबाट पारिवारिक तथा स्थानीय स्रोत उपयोगमा समानुपातिक पहुँच र समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

### १.३.२. लैससास रणनीति निर्माणको बिधि तथा प्रक्रिया :

लैससास रणनीति निर्माण क्रममा गाउँपालिकासंग नियमित सम्पर्क समन्वय, लैससास कार्यान्वयन कार्यदल गठन गरि उक्त कार्यदलसंगको समन्वय, गाउँपालिकास्तरीय सरोकारवालाहरुको सहभागितामा कार्यशाला गोष्ठी सम्पन्न र सरोकारवाला र लक्षीत समूह बिच सामूहिक छलफल लगायतका बिधि प्रक्रियाहरु अपनाइएको थियो । लैससास रणनीति प्रति सबै सरोकारवालाको अपनत्व बिकास तथा प्रभावकारी कार्यान्वयनमा सहजताका लागि गाउँपालिकास्थित जनप्रतिनिधी, कर्मचारीहरु र सम्बन्धीत सरोकारवालाहरुको सहभागितामा निर्माण गरिएको थियो । रणनीति तयार गर्ने क्रममा लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय कानुनहरुको स्थानीयकरण हुने गरी सम्बन्धीत नीति तथा कानुनहरुलाई आधार मानिएको छ ।

### १.४. संक्षिप्त नाम र परिभाषा :

**१.४.१. संक्षिप्त नाम : यस** रणनीतिको नाम लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रबाहिकरण रणनीति २०७८ रहनेछ । यो रणनीति स्थानीय सरकारले स्विकृत गरेको मीति देखि लागु हुनेछ ।

**१.४.२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा

**क) रणनीति** भन्नाले : माडी गाउँपालिकाको लैससास मूलप्रकाहिकरण रणनिति २०७८ लाई सम्झनु पर्दछ ।

ख) **गा.पा.**भन्नाले : माडी गाउँपालिका सम्झनु पर्दछ ।

**ग) लैससास** भन्नाले : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ ।

**घ) लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण** भन्नाले महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरु बिचको असमान सक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एबं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

**ङ) लैंङ्गिक मूलप्रबाहीकरण** (Gender Mainstreaming) भन्नाले स्थानीय तह तथा बिद्यमान सबै सार्वजनिक संरचनाहरु लगायत सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउछ ।

**च) लैङ्गिक समानता** (Gender Equality) **भन्नाले समाज तथा राज्यको** सबै अंग र तह र क्षेत्रमा महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ ।

**छ) लैङ्गिक समता (Gender Equity)** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पुऱ्याउन अवलम्बन गरिने सकारात्मक बिभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

**ज) सामाजिक समाबेशीकारण** (Social Inclusion) भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ ।

**झ) सामाजिक बञ्चितिकरण** (Social Exclusion) भन्नाले लैंगिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ञ) बञ्चित समूह** भन्नाले लामो समय देखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, जेष्ठ नागरीक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने ब्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

**ट) लैंङ्गिक संबेदनशिल** (Gender Sensetive) : सेवा प्रबाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गीहरुका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित बिकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

**ठ) लैंङ्गिकता (Gender)** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक ब्यबहार र उनीहरुलाई हेर्ने असमान दृष्टिकोण लाई जनाउछ ।

**ड) लैंङ्गिकमैत्री** (Gender Friendly) : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकका बिशेष आबश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण ब्यबहारलाई सम्झनु पर्दछ ।

**ढ) CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ ।

**ण) CRC** भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन १९८९ लाई जनाउछ ।

**त) BPFA** भन्नाले बेइजिङ कार्ययोजना (Beijiing Platform of Action) सन १९९५ लाई जनाउछ ।

**थ) सीमान्तकृत समुदाय** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुबिधाको अवसरबाट बञ्चित र बिभेदमा परेका साथै संघिय कानुन बमोजिम मानव बिकाको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

**द) लैंङ्गिक उत्तरदायि बजेट** भन्नाले लैंगिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्भmनु पर्दछ ।

**ध) लैंङ्गिक प्रभाव बिश्लेषण** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै बर्ग, जाताजती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्भmनु पर्दछ ।

**न) खण्डिकृत तथ्यांक** भन्नाले सबै जाताजती, लिंग, बर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एबं लैंगिक अल्पसंख्यक, सिमान्तकृत समुदाय, शारिरिक अवस्था आदि समूहहरुको तहगत तथ्यांकलाई सम्भmनु पर्दछ ।

## परिच्छेद २
## लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण, लक्षीत समूह र लैससास सम्बन्धी सवाल एबं सरोकारवाला बिश्लेषण :

### २.१ माडी गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :

माडी गाउँपालिकाको बिद्यमान राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण गरिएको छ । बिश्लेषणले आगामी दिनमा लैससासको क्षेत्रमा के कस्तो आर्थिक, सामाजिक र राजनैतिक योजना तथा नीति कार्यक्रमका बिषयहरु उठान गर्न सहयोग गर्नेछ ।

### २.१.१. राजनैतिक अवस्था

माडी गाउँपालिका प्रशासनिक हिसावले ७ वटा वडामा बिभाजित । यस पालिकामा निर्वाचित जनप्रतिनिधि ३४ जना रहेको छ । ३४ जना जनप्रतिनिधि मध्ये १ जना उपाध्यक्ष सहित जनजाती महिला ७ जना दलित महिला ६ जना र अन्य महिला गरी जम्मा १४ जना महिला रहेको । त्यसैगरी दलित पुरुष २, जनजाती पुरुष १४ र अन्य पुरुष ४ गरी जम्मा २० जना रहेका छन् । गाउँकार्यपालिकामा जम्म १५ जना मध्ये दलित महिला १ र जनजाती महिला ४ गरी जम्मा ५ जना महिला र पुरुष तर्फ दलित पुरुष २, जनजाती पुरुष ७ जना र अन्य पुरुष १ जना गरी जम्मा १० जना रहेको छ ।

यसरी कार्यपालिका र गाउँसभामा समाबेशी सहभागिता रहनु सकारात्मक भएपनि वडा अध्यक्ष र गाउँपालिका अध्यक्ष पदमा महिला, दलित, अपांग जस्ता लक्षीत समूहको प्रतिनिधित्व अत्यन्त न्यून रहनुले निर्णायक भूमिका सहितको नेतृत्व तहमा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्न लैससास रणनीतिले मार्गदर्शन गर्नेछ । अधिकांस उपभोक्ता समितिहरुमा ४० प्रतिशत भन्दा पनि बढी महिलाको सहभागिता देखिनु सकारात्मक भएपनि निर्णय गर्ने र आम्दानी खर्चको ब्यबस्थापनमा पुरुषहरुको सहभागिता बिना महिलाहरु आफैले अग्रसर भई गर्न हिम्मत नगर्नुले निर्णायक भूमिकामा अर्थपुर्ण सहभागिता नभएको पुष्टि गर्दछ । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला र समाबेशी सहभागिताको कानुनी प्राबधानले समाबेशी सहभागिता सुनिश्चित गरेपनि अर्थपुर्ण सहभागिताका लागि लक्षीत बर्ग समुदायको क्षमता बिकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजना तथा कार्यक्रम बिस्तार गर्नुपर्ने देखिन्छ ।

यस गाउँपालिकामा क्रियाशिलता सबै राजनैतिक दलहरुको गाउँकमिटिमा महिला सहभागिता हाल ३३ प्रतिशत र सामाजिक रुपले समाबेशी सहभागिता अनिवार्य गरिए पनि निर्णायक भूमिकामा सहभागिता नभएकोले नेतृत्वदायि भूमिकामा समाबेशी सहभागिता सुनिश्चित गर्न यस रणनीतिले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ ।

### २.१.२. सामाजिक अवस्था बिश्लेषण :

सामाजिक हिसावले माडी गाउँपालिकामा बिभिन्न जातजाती, लिंग, भाषा, बर्ग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । मगर समुदायको बाहुल्यता रहेको साथै क्षेत्री, दलित, गुरुङ्ग, ठकुरी, बाहुन जातिको बसोवास रहेको र यस पालिकामा मगर खाम भाषा, नेपाली भाषा बोलिने गरिन्छ । हिन्दु धर्मको बाहुल्यता रहेता पनि अन्य धर्म कृष्चियन,बौद्ध प्राकृतिक पुजा पनि गर्ने प्रचलन छ । यहाँका बासिन्दाको भेषभुषम पुरुषले दौरासुरुवाल, सटपाइन्ट, लगौटी, तकुवा टोपी, लगाउँछन् भने महिलाले गुन्यू,चोलि, मटुकी, कुर्तासुरुवाल, साडी,धोती गाजो लगाउने गरेको पाईन्छ । चाड पर्वमा दशै, तिहार, तिज, मुख्य चाड पर्व मनाउनुका साथै चैते दशै, कान्छी माघी सक्रान्ति जस्था स्थानीय चाडपर्व समेत मनाउने गरिन्छ । पैसेरु नाच, सारङगी, मयुर नाच, झेउरे नाच, दमाचाली जस्ता नाच यहांको कला सस्कृतिहरु रहेका छन् ।

समाजम बिद्यमान पित्रृसतात्मक सोच र ब्यबहारबाट यस माडी गाउँपालिका पनि अछुत रहन सकेको छैन । लैंगिक बिभेद, बोक्सी तथा धामीझाक्री प्रथा, बाल बिबाह, बहु बिबाह, बालश्रम जातिय बिभेद, घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र गलत सामाजिक अभ्यासहरु अझै कायमै छन् । परिवार एबं समाजमा लैंगिक तथा सामाजिक समाबेशीताका सम्बन्धमा केही सकारात्मक परिवर्तनका प्रयासहरु थालनी भएपनि लैंगिक तथा सामाजिक रुपले समान अवसर र समान पहुँच हुन नसकेको कुरा निर्णायक भूमिकामा महिला, दलित, अपांगता भएका ब्यक्ति लगायत पछाडी परेको समुदायको सहभागिता र अवरमा तथा सुचनामा न्यून संख्यामा मात्र पहुँचको स्थितिले स्पष्ट पार्दछ । कानुनी रुपमा प्रदान गरिएको प्रजनन् तथा सुरक्षीत मातृत्वको अधिकार समेत महिलाहरुले निर्बाध रुपमा उपयोग गर्न सकिरहेको पाइदैन । जातीय छुवाछुत, बोक्सी जस्ता सामाजिक कुरिती लगायत लैगिक तथा घरेलु हिंसा बिरुद्धका कार्यक्रम सञ्चालीत छन् । कानुनत सामाजिक कुरिति तथा गलत सामाजिक अभ्यासहरु निषेध गरिए पनि यस गाउँपालिकामा बालश्रम, बालविवाह, बहुविवाह, घरेलु हिंसा  अन्त्य हुन सकेको छैन ।

### २.१.३. आर्थिक अवस्था :

यस गाउँपालिकाको मुख्य पेशा कृषि, पशुपालन, ज्याला मजदुरी, बैदेशिक रोजगार नोकरी रहेको छ । कुल खेतीयोग्य जमिन २४.८२ वर्ग किलोमिटरको १० प्रतिशत जमिनमा मात्र सिचाई उपलब्ध छ भने बांकी ९० प्रतिशत जमिन वर्षतको सिचाईमा भर पर्ने भएकोले कृषिमा मनग्य उत्पादन हुन नसक्दा आए स्रोतमा कमी भएको पाईन्छ । खाद्यन्न बालि अन्तरगत मकै, धान, गहुँ, कोदो, भटमास, सिमी, केराउ, तोरी, चना, मसुरो जौं, फापर पाइन्छन् । फलफुल अन्तरगत सुन्तला, कागती किबी, ड्राइगन, ओखर स्याउ, आरु नास्पाति, प्लम, हलुवावेद आदि पाईन्छ । जडिबुटी अन्तरगत, टिमुर, दालचिनी, सिल्पु, समाहयो डोडा ताप्रे चिराइतो, तारे , तिते, कुरिलो आदि पाइन्छ । यास गाउँपालिका अन्तरगत

सुन्तला पकेट क्षेत्र, लसुन पकेट क्षेत्र, आलु पकेट क्षेत्र, कागती, केरा, तरकारी लगायतका पकेट क्षेत्रहरु रहेका छन् । अल्लो उद्योग, मार्वल उद्योग, फर्निचर उद्योग, ग्रील धागो, पाउरोटी, चाउमिन लगायतका उद्योगहरु रहेका छन् ।

यस गाउँपालिकाको अर्थिक स्रोतको रुपमा मुख्य पेशा कृषि ब्यबसाय मानिए पनि केही मात्रामा ब्यापार ब्यबसाय, बैदेशिक रोजगारी, छिमेकी मुलुक भारतमा रोजगारीको लागि जाने र ज्यालामजदुरी प्रति आकर्षण बढेको पाइन्छ । रोजगारी तथा ब्यबसायमा महिला लगायत लक्षीत समूहको सहभागिता सम्बन्धमा एकिन तथ्यांक नभएपनि कम मात्रमा संलग्नता रहेको छ । पारिवारिक तथा सार्वजनिक स्रोतमा महिलाको पहुँच न्यून छ । स्थानीयस्तर लगायत भारतमा समेत ज्यालामजदुरी गर्न जानेको संख्या पनि त्यत्तीकै आकर्षित र बढ्दो क्रममा छ । आर्थिक रुपमा क्रियाशिल जनशक्तिको केही हिस्सा ब्यबसायिक कृषि तथा पशुपालन तर्फ आकर्षित छन भने न्यून संख्यामा घरेलु तथा सानाा उद्योग जस्ता औद्योगिक ब्यबसाय र होटल र ब्यापार तर्फ संलग्न भएको पाइन्छ ।

## २.२ लक्षीत समुदाय नक्सांकन तथा प्राथमिकिकरण र सवाल पहिँचान :

माडी गाउँपालिकाले बिद्यमान आर्थिक सामाजिक र राजनैतिक अवस्था, अवसर तथा सेवामा पहुँच तथा नियन्त्रण, नेतृत्व तहमा सहभागिता, भौगोलिक बिकटता लगायतका बिषयहरुलाई अधार मानि बञ्चित तथा पछाडी पारिएका बर्ग समुदायहरुको नक्सांकन गरि लक्षित समूह पहिँचान गरेको छ । त्यसैगरी लक्षीत समूहको बिद्यमान आर्थिक, सामाजिक, राजनैतिक अवस्थाका आधारमा बिद्यमान सवालहरु पहिँचान गरिएको छ । गाउँपालिकाको नक्सामा सबै वडाहरुमा लक्षीत समूह छरिएर रहेको पाइन्छ । लक्षीत समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

| **२.२.१ माडी गाउँपालिकाका लक्षीत समूह प्राथमिकिकरण** | **२.२.२. लक्षित समूहका सवालहरु** |
|---|---|
| १) अपांगता भएका ब्यक्ति | क) वडास्तरीय अपाङ्ग सञ्जाल नहुनु<br>ख) अपाङ्गहरुकोलागि हुइल चेयर र बैशाखीको व्यवस्था नहुनु<br>ग) सहज जिविकोपार्जन तथा शिपविकास, क्षमता विकास, आयआर्जनको समस्या<br>घ) शिक्षा, स्वास्थ्य, तथा रोजगारीको अवसरमा पहुँच सुनिश्चितता<br>ङ) क्षमता बिकास र नेतृत्व तथा निर्णायक भूमिकामा समाबेशी प्रतिनिधित्व<br>च) आवश्यक उपकरणको व्यवस्था र अपाङ्गमैत्री संरचना निर्माण<br>छ) यौनजन्य दुरब्यबहार, बलात्कार तथा मानसिश स्वास्थ्य समस्या<br>ज) मानसिक स्वास्थ्य समस्या र प्रजनन् स्वास्थ्य समस्या |
| २.दलित | क) केही वडामा छुवाछुत मुक्त वडा घोषणा गरिएपनि सबै वडाहरु छुवाछुत मुक्त घोषणा नभएकोल जातीय बिभेद निर्मुल गर्न नसकिएको ।<br>ख) अन्धविश्वास र छुवाछुत कामयमै छ ।<br>ग) खण्डिकृत तथ्यांक नभएकोले दलित भित्रको पनि महिला दलित, अपांग दलित, बेरोजगार दलित, शिक्षाबाट बञ्चित दलित आदि पहिँचान हुन |

| | |
|---|---|
| | सकेको छैन ।<br>घ) राज्यको बिभिन्न संरचनाहरुमा निर्यायक भूमिकामा समाबेशी पहुँच र प्रतिनिधित्व न्यून संख्यामा छ ।<br>ङ ) शिक्षा, स्वास्थ्य, रोजगार जस्ता बिभिन्न अवसरहरुबाट बञ्चित छन् ।<br>च) न्यून चेतनास्तरले गर्दा समग्र बिकास प्रक्रियामा दलितहरुको सहभागिता शुनिश्चित नहुनु ।<br>छ) गरिवी संख्या बढी छ । |
| ३) महिला | क) शिक्षा, स्वास्थ्य, सुचना र रोजगारीका अवसरहरुमा समान पहुँच नहुनु<br>ख) न्यून आयस्रोत र पारिवारिक सम्पत्ति तथा सार्बजनिक स्रोतमा पहुँच कमी ।<br>ग) घरेलु हिंसा, यौनजन्य दुर्व्यबहार, बलात्कार, बहुविवाह, अन्तरजातिय विवाह लैंगिक बिभेद जस्ता अपराध तथा बिभेदको शिकर बन्नु ।<br>घ) निर्णायक तहमा प्रतिनिधित्व र अर्थपुण सहभागिता कमि ।<br>ङ) मानशिक स्वास्थ्य समस्याबाट ग्रसित ।<br>च) सुरक्षीत आवास तथा संरक्षण प्रणालीको कमी ।<br>छ) महिला हक अधिकार बिषयमा कानुनी प्राबधान बारे जानकारी कमिले गर्दा न्यायमा पहुँच कमी,<br>ज) नगन्य संख्याले मात्र प्रजनन् अकिकारको उपयोग गर्न सक्नु ।<br>झ) भौगोलिक विकटता भएकोले घरमै सुत्केरी गराउन बाध्यता साथै आमा र बच्चालाई घरदैलो स्वास्थ्य सेवामा कमी ।<br>ञ) बिभिन्न अवस्थाका महिलाहरुको एकिन तथ्याङ्क नभएको ।<br>ट) घरेलु कार्यबोझ बढी । |
| ४) बालवालिका: | क) अधिकांस बालबालिकाहरु बालश्रम, बाल यौन दुर्व्यबहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन् ।<br>ख) बाल विवाह कायमै रहनु ।<br>ग) बाल बिबाहलाई समाजले सहजै स्विकार गर्ने भएकोले पनि बाल बिबाह कम हुन नसक्नु ।<br>घ) बालमैत्री संरचना /व्यवहार /खेल मैदान /बाल उद्यान नहुनु ।<br>ङ ) सबै सार्वजनिक स्थानमा स्तनपान कक्ष नहुनु ।<br>च) बलिकाहरुमा आत्मरक्षा शिप नहुनु ।<br>छ) बेसाहारा तथा अबिभावक बिहिनताका कारण संरक्षणको अभाव ।<br>ज) अतिबिपन्न भौगोलिक बिकटताका बालबालिकाको शिक्षामा पहुँच कम हुनु<br>झ) पोषणको कमी ।<br>ञ) यौन दुर्व्यबहार, बाल हिंसा र अपहेलनाका कारण मानसिक स्वास्थ्यको शिकार बन्नु ।<br>ट) असाह्य तथा जोखिममा रहेका बालबालिकाहरुलाई बैकल्पीक हेरचाहको व्यबस्था । |


| | |
|---|---|
| ५) द्वन्द पिडित तथा सहिद परिवार | क) द्वन्द्व पिडित तथा सहिद परिवारको वास्तविक अवस्था पहिचान र प्रथमिकिकरण भई पुनस्थापना हुन नसक्नु ।<br>ख) बिभिन्न सार्बजनिक संरचनाहरुमा समाबेशी प्रतिनिधित्व र अर्थपुर्ण सहभागिताको कमी ।<br>र्ग) शिक्षा स्वास्थ्य, सुचना र रोजगारीको सुनिश्चितता नभएको ।<br>घ) बिभिन्न अवसर तथा सेवा सुविधामा समान पहुँच कमी ।<br>ङ) मानशिक स्वास्थ्य समस्या ।<br>च) बेरोजगारी समस्या समाधान हुन नसक्नु । |
| ६) जेष्ठ नागरिक | क) जेष्ठ नागरिक सम्मान कार्यक्रम र स्वस्थ्य जांचमा निरन्तरता नहुनु ।<br>ख) जेष्ठ नागरिहरुलाई परिवारबाट अपहेलना तथा अपमानजनक ब्यबहार गरिनु ।<br>ग) ज्येष्ठ नागरीकलाई उचीत पालनपोषण तथा संरक्षणको अभाव ।<br>घ) पारिवारिक तथा सार्बजनिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।<br>ङ) जेष्ठ नागरिकको सूचनामा पहुँच कमि ।<br>च) मानसिक स्वास्थ्य समस्याको शिकार हुनु,<br>छ) एक्लै जिवन बिताउनु पर्ने बाध्यता । |
| ७) जनजाती | क) सामाजिक विभेद र असमानता ।<br>ख) भाषा संरक्षण नभएको र जनजातीको सस्कृति तथा सँस्कार लोप हुदै जानु , ग) परम्परागत सोंच परिवर्तन नभएको ।<br>घ) उच्च शिक्षामा पहुँच कमीका कारण रोजगारी अवसर न्यून ।<br>ङ) गरिवी र आम्दानी भन्दा खर्च बढी गर्नु ।<br>च) जनचेतनास्तर कम हुनु । |
| ८ लैङ्गिक तथा घरेलु हिंसा पिडितः | क) खुलेर आफ्नो पिडा भन्न नसक्नु, सहेर बस्न पर्छ भन्ने अवधारणा कायमै<br>ख) आर्थिक स्रोतमा र रोजगारीमा पहुँच कमीले गर्दा आत्म निर्भरतामा कमी,<br>ग) हिंसा पिडित महिलाहरुलाई सुरक्षा र पुनःस्थापनाको प्रभावकारी ब्यबस्था ।<br>घ) हिंसा पिडितहरुका लागि मनोसामाजिक परामर्श सेवा नहुनु ।<br>ङ) हिंसा बिरुद्ध प्रतिकारात्मक क्षमता बिकास र जनचेतनाका कार्यक्रम न्यून हुनु ।<br>च) परम्परागत सामाजिक मुल्यमान्यताले महिलालाई उजुरी गर्न गएमा उल्टै महिलालाई नै असर पर्छ भन्ने गलत भ्रमले हिंसा सहेर बस्ने प्रबृत्ति । |
| ९) लैगिक तथा यौनीक अल्पसंख्यक | क) पहिचान हुन नसक्नु ।<br>ख) खुलेर समाजमा आउन नचाहनु ।<br>ग) समान अवसरबाट बञ्चित हुनु ।<br>घ) समाजबाट अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु । |
| १०) अतिविपन्न परिवार | क) सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य छन् ।<br>ख) मौषमी ज्याला मजदुरीमा सिमित रहन बाध्य । |

| | |
|---|---|
| | ग) गरिवीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित छन् । <br>घ) सुचनामा पहुँच नपुग्दा स्रोत तथा सेवा सुबिधामा पहुँच कमी । <br>ङ) अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु । <br>च) निर्णायक तहमा सहभागिताको पहुँच न्यून । |

## २.३. लैससासका क्षेत्रमा क्रियाशिल सरोकारवाला पहिँचान र उपलब्ध सेवा तथा कार्यक्रमहरु

माडी गाउँपालिकामा लैंगिक समानता र सामाजिक समाबेशीकरणको क्षेत्रमा क्रियशिल सरोकारवाला निकायहरुको पहिँचान गरी भेन डायग्रामद्धारा प्रस्तुत गरिएको छ ।साथै लैससास क्षेत्रमा सरोकारवालाले बहन गनुपर्ने भूमिका समेत निर्धारण गरिएको छ । गाउँपालिकामबाट लैससासको क्षेत्रमा काम गर्दा समन्वय तथा सहकार्य गर्दै आएको र भबिश्यमा सहयोग तथा सहकार्य गर्न सकिने

### २.३.१. सरोकारवाला निकायहरुको पहिँचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुती :



## २.३.२. लैससास क्षेत्रमा सरोकारवालाहरुको भूमिका तथा सम्बन्ध बिस्तारको अवस्था :

माडी गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह देखि केन्द्र तहसम्मका सम्बन्धीत सरोकारवालाहरुको प्राथमिकिकरण गरी उनीहरुसंग निरन्तर समन्वय र सहकार्यका लागि कार्यगत योजना बनाई लागु गरिनेछ । गाउँपालिका अन्तर्गतका सबै बिषयगत शाखा, वडा कार्यालय साथै यस क्षेत्रका सबै सार्बजनिक निकाय, नीजि तथा गैरसरकारी संघसंस्था र जिल्ला, प्रदेश र केन्द्र तहका सम्बन्धीत निकाय तथा गैरसरकारी संघसंस्थाहरुसंगको निकटतम समन्वय र सहकार्य गरि स्थानीय जनप्रतिनिधी र कर्मचारीहरुको क्षमत बिकास र लक्षीत समूहको बिकासमा मूलप्रबाहिकरण तथा पहुँच सुनिश्चित गरिनेछ ।

लैससास रणनीतिमा सबै सरोकारवालाहरुको भूमिका निर्धारण गरि कार्यान्वयनका लागि नियमित समन्वय तथा सम्बन्ध बिस्तार गरी कार्यान्वयन क्षेत्रमा सहकार्य गरिनेछ । सरोकारवालाहरुले तोकीएको भूमिका प्रभावकारी कार्यान्वयन गरे नगरेको सन्दर्भमा नियमित अनुगमन समेत गरिनेछ । गाउँपालिकाबाट लैससास क्षेत्रमा काम गर्ने सरोकारवाला पहिँचान गरि बुदाँ नं २.३.१. मा उल्लेख गरिएका सरोकारवाला निकायहरुको भूमिका तथा जिम्मेवारी निम्न तालीकामा उल्लेख गरिएको छ ।

| क) सरोकारवाला निकायहरु | ख) भूमिका तथा जिम्मेवारी |
|---|---|
| १) सबै बिषयगत शाखाहरु | १) योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा लक्षित समूहको सक्रिय सहभागिता अनिवार्य गर्ने ।<br>२) लैससासमैत्री संरचनाको निर्माण र सेवा प्रबाह प्रणालीको बिकास गर्ने ।<br>३) शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका मानविय बिकास र सुरक्षाका बिषयमा संवेदनशिलता अवलम्वन गर्ने ।<br>४) लैससास इकाई र लैससास सम्पर्क व्यक्तिसंगको निकटतम समन्वय र परामर्श अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने ।<br>५) न्याय सेवा प्रणाली सुरक्षित र संवेदनशिल बनाउने । |
| २) अन्य सरकारी तथा सार्बजनिक निकायहरु (प्रहरी | १) लैससासमैत्री संरचना निर्माण गरि कार्यप्रणाली अवलम्बन गर्ने ।<br>२) लैससास संबेदनशिल ब्यबहार अवलम्वनका लागि आचारसंहिताको |

| | |
|---|---|
| कार्यालय, शिक्षण संस्था, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला अदालत, जिल्ला अस्पताल र ओ.सी.एम.सी., आदि) | पुर्ण पालना गर्ने ।<br>३) सेवा प्रबाहमा सबै बर्ग समुदायको पहुँच सुनिश्चित गर्न तथा लाभ एवं अवसरको न्यायोचित बितरण प्रणाली अवलम्बन गर्ने ।<br>४) महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका जनसाधारणलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्ने ।<br>५) मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य र लैंगिक हिंसा बिरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा कानुनी परामर्श साथै मनोबिमर्श सेवाको ब्यबस्था गर्ने । |
| ३) लक्षीत समूहहरु (महिला, दलित, बालबालिका, ज्येष्ठनागरिक सञ्जाल, आमा समूह, महिला समूह, निगरानी समूह तथा सहकारी आदि) | १) प्रमुख सरोकारका लक्षीत समूहहरुको सवाल एबं समस्या तथा आबश्यकताका सम्बन्धमा खण्डिकृत तथ्यांक तथा सुचना संकलन तथा आबश्यकता पहिँचान गर्न सहयोग गर्ने ।<br>२) समाजमा बिद्यमान बिभेदकारी प्रचलन तथा असमानता बिरुद्ध अभियान संचालन गर्न योजना बनाई माग गर्ने ।<br>३) लक्षीत समूहका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चत गर्न माग गर्ने।<br>४) योजना तर्जुमा चरण देखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रुपमा नियमित समन्वय र सहकार्य गर्न गराउन वकालत गर्ने ।<br>५) निर्णायक तहमा लक्षीत समूहको समाबेशी प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता सुनिश्चित  गर्न वकालत गर्ने । |
| ४) गैरसरकारी संघसंस्थाहरु | १) कानुनहरुको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>२) महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशिल बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>३) लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितहरुलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>४) गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>५) लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र |

| | |
|---|---|
| | सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| ५) निजी क्षेत्र( बिकास बैंक, बित्तिय संस्था र उद्योग बार्णिज्य संघ आदि) | १) निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरुमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरुमा समेत सेवा प्रवाह प्रभावकारी बनाउने,<br>२) महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>३) वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीहरुबाट उत्पादित बस्तुहरुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>४) महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>५) गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| ६) प्रदेश तथा संघीय सरकार | १) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्राबधानहरुलाई स्थानीयकरण गर्न जनप्रतिनिधी, कर्मचारी लगायत सरोकारवालाकहरुको क्षमता बिकास गर्ने ।<br>२) लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरु पुनराबलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने<br>३) नियमित लैंगिक उत्तादायी बजेट निर्माण र लैसससा परिक्षँण गर्न क्षमता बिकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |
| ७) विकास साझेदारहरु | १) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>२) महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायहरुको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>३) विकास साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रमहरुमा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन हुने गरी क्रियाकलापहरु तय गर्ने ।<br>४) लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |

## २.४. माडी गाउँपालिको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण

माडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा हासिल उपलब्धी, सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु पहिचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस गाउँपालिकाको **(SWOT Analysis) निम्न तालीकामा प्रस्तुत गरिएको छ ।**

| सवल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १.लैङ्गिक हिंसा नियन्त्रण कोष संचालन कार्यविधि बनेको ।<br>२.महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि बनेको ।<br>३.अपाङ्ग तथा जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि बनी लागु भएको ।<br>४.जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम गरिएको ।<br>५.पालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तयार भई सञ्चालन भएको ।<br>६. एम्बुलेन्स सेवा सूचारु ।<br>७.स्वास्थ्य संस्थामा भिडियो ए-क्सरे सेवा सूचारु ।<br>८. पालिकाबाट विद्यालयमा निजि स्रोत शिक्षक सञ्चालन भएको ।<br>९। सशुल्क फार्मेशी सेवा सूचारु ।<br>१०) लैससास परिक्षण शुरु गरिएको । | १) गाउँपालिकाको खण्डिकृत तथ्यांक नभएको<br>२) लक्षीत बर्ग पहिँचान नगरिएको ।<br>३) गाउँपालिकाले नीति, कानुन्, योजना निर्माण गरी जारी गर्नु अगाडि लैससास दृष्टिकोणले उपयुक्त भए नभएको लेखाजोखा गर्ने नगरेको ।<br>४).पालिकाको बिगत २ बर्षदेखि सार्वजनिक सुनुवाई गर्न नसक्नु ।<br>५) आपाङ्गहरुलाई आवश्यक साधन वितरण गर्न नसकिएको<br>६)पालिकाबाट वितरण गरेको अनुदानको उपलब्धी र कार्यन्वयनको अनुगमन गर्न नसकिएको<br>७).सम्पुर्ण अवस्थाहरुमा लैससासमा आधारित भई सेवा प्रबाह गर्न नसकिएको ।<br>८)कर्मचारी र जनप्रतिनिधिको आचारसंहिता पालना गर्न नसक्नु | १.संघ र प्रदेशको नमुना कानुन्लाई स्थानीकरण गरि काम गर्न सकिने ।<br>२. लक्षित वर्गहरुलाई पालिकाले गरेका कार्यक्रमहरु प्रति अपनत्व जगाउन सकिने र योजनाहरु दिगो हुने ।<br>३. गा.पा. र जनाताको दुरी नजिक हुने भएकोले लक्षीत बर्ग पहिँचानमा सहज हुने ।<br>४. शिपमुलक तालिमका माध्यमबाट रोजगारीमा बृद्धि भई दिगो विकास हुने ।<br>५) स्थानीय आबशयकता र अवस्था अनुसार कानुन बनाउन पाउने अधिकार प्राप्त हुनु ।<br>६) जनप्रतिनिधी लैससास प्रति सकारात्मक हुनु । | १. पालिकामा दक्ष जनशक्तिको कमी<br>२. लक्षित वर्गले कार्यक्रममा चासो कम देखाउनु<br>३. योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको सहभागिता सुनिश्चिता गर्न नसक्नु<br>४) भौगोलिक विकटता ।<br>५) स्थानीय साधन स्रोत कमी । |

## २.५. गाउँपालिका तथा वडास्तरका लैससास सम्बन्धी पहिँचान गरिएका प्रमुख सवालहरु

माडी गाउँपालिकाको लक्षीत समूह नक्सांकन तथा प्राथमिकिकरण गरी पहिँचान गरिएका सवालहरुलाई बिश्लेषण गर्दा प्राथमिकिकरण गरिएका प्रमुख सवालहरु निम्न छन् ।

१) हरेक समुदायमा घर-परिवार लगायत समाजका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सार्वजनिक औपचारिक निकायहरुमा समेत लैंगिक बिभेद, सामाजिक असमानता र सामाजिक वञ्चितीकरणको अवस्था विद्यमान छ ।

२) विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कको अद्यावधिक गरी व्यवस्थापन नगरिएकोले लक्षीत समूहका आबश्यकताले प्राथमिकता पाउन सकेका छैनन् ।

३) गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा लैंगिक सवाल तथा सामाजिक समावेशीकरणका विषयले प्राथमिकता पाउनसकेको छैन ।,

४) स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै नीति र बजेट तथा कार्यक्रमको व्यवस्था नहुदा बिकास प्रक्रियामा उनीहरुको सहज पहुँच पुग्न सकेको छैन ।

५) लैंगिक उत्तरदायि योजना तथा बजेट निर्माण हुन नसक्नु ।

६) सहभागितामूलक योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी नहुदा सिमान्तकृत बर्ग समुदायलाई बिकासको मूलप्रबाहमा ल्याउन सकिएको छैन ।

## २.६.. गाउँपालिकाको लैससास रणनीतिले लक्षित गरेका कार्यक्षेत्रहरु

लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन र नीतिहरुलाई स्थानीयकरण गरी लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाहित गर्नका लागि गाउँपालिकाको लैससास रणनितिले लक्षीत गरेका प्राथमिकताका क्षेत्रहरु निम्न बमोजिम छन् ।

### (क) .मूलप्रवाहिकरणः:

गाउँपालिका भित्रका लक्षीत समूहलाई आर्थिक सामाजिक र राजनैतिक सशक्तिकरण मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ । गाउँपालिका लगायत सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लक्षीत समूहहरुको पहुँच र प्रतिनिधित्व सुनिश्चित गरिनेछ । लक्षीत समूहको मूलप्रबाहिकरणका लागि बञ्चितिकरणमा र बहिष्करणमा परेका व्यक्ति समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखा गरि नियमित तथ्यांक अद्याबधीक गरिनेछ ।

### (ख) **समान पहँचान र समाबेशी प्रतिनिधित्वको सुनिश्चितता :**

**१**) लक्षित वर्ग/समूहलाई श्रोत र साधनमा पहुँच सुनिश्चित र अर्थपूर्ण सहभागिताका लागि क्षमता तथा नेतृत्व बिकास र आयआर्जन क्रियाकलाप मार्फत आर्थिक, सामाजिक र राजनितिक सशक्तिकरण गरिनेछ ।

२) समाजमा विशेषगरि बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपांगता भएका ब्यक्ति लगायत सबै असाह्य ब्यक्ति वा समूहको बिकासका लागि वडा तहबाट खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गरि सामाजिक सुरक्षा तथा संरक्षण लगायत आर्थिक क्रियाकलापहरुमा सक्रिय सहभागिता गरमउने ।

### ख) सुन्य सहनशिलता र बिभेद रहित समाज निर्माण :

लैंगिक हिंसा, घरेलु हिंसा लगायत सबै प्रकारका हिंसा जन्य कार्य बिरुद्ध सुन्य सहनशिलताको मान्यता लाई पुर्णत कार्यान्वयन गर्न सरोकारवाला लगायत लक्षीत समूहको क्षमता बिकास र जनचेतनामूलक अभियान मार्फत हिंसा मुक्त गाउँपालिका घोषणाको वातावरण तयार गरिनेछ । कुनै पनि प्रकारको हिंसाबाट पिडित तथा प्रभावितहरुलाई सामाजिक सुरक्षाको सुनिश्चित गर्दै न्यायमा पहुँच बढाउन सुरक्षीत संरक्षण प्रणालीको ब्यबस्थापनका लागि आबश्यक योजना तथा बजेट बिनियाजन गरिकार्यान्वयन गरिनेछ । बालिका तथा किशोरीहरुलाई आत्रक्षा सम्बन्धी सिप प्रदान गरी हिंसा बिरुद्ध प्रतिकारात्मक क्षमता बिकास गरिनेछ । लैंगिक जातीगत, उमेर समूह, शारिरिक अवस्था, भौगोलिक क्षेत्र वाअन्य कुनैपनि आधारमा गरिने बिभेद लगायत समाजमा प्रचलित बोक्सी प्रथा, बाल बिबाह, बहु बिबाह जस्ता गलत सामाजिक अभ्यास बिरुद्ध जनचेतनाका लागि सामाजिक अभियान र प्रतिकारात्मक क्षमता बिकासका लागि क्षमता बिकासका अभियान संचालन गरिनेछ ।

बिभिन्न समयमा आउने बिपद तथा महामारी र कोभिड-१९ महामारीको संक्रमण सुरु भए पश्चात बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसा र बाल हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ ।

### (ग) समन्वय, सहकार्य र साझेदारी

लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, लगायत जिल्ला तह र स्थानीय तहमा क्रियाशिल सम्बन्धीत सरकारी तथा गैरसरकारी र नीजि क्षेत्रका निकायहरुसंग आबश्यकता अनुसार समन्वय, सहकार्य र साझेदारी गरिनेछ । गाउँपालिकाले तय गरेका लैससास सम्बन्धी नीति तथा कानुनहरुको बारेमा सबै सरोकारवालाहरुलाई जानकारी गराउदै लैससास उत्तरदायि बनाउन अभिमूखिकरण गरी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

### (घ) अनुगमन तथा मूल्यांकनः

गाउँपालिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन संयन्त्रको ब्यबस्था गरी परिचालन गरिनेछ । वडा तह र गाउँपालिका तहको अनुगमन तथा निर्देशन समिति निर्माण गरि अनुगमन तथा मुल्यांकनको जिम्मेवारी तोकिनेछ ।

## २.७. लैससास रणनीतिको कार्यअबधी :

माडी गाउँपालिकामा बिद्यमान आर्थिक, सामाजिक, राजनैतिक अवस्थाको बिश्लेषण लगायत यस गाउँपालिकाले लैससास क्षेत्रमा प्राप्त गरेका उपलब्धी र लैससासमैत्री बनाउनका लागि अझै गर्नुपर्ने सुधारका पक्ष र बिद्यमान लैससास सम्बन्धी सवालहरु सम्बोधनका लार्गि लैंगिक समानता तथा

सामाजिक समाबेशीकरण मूलप्रबाहिकरण रणनीति निर्माण गरी लागु गरेको हो । यस लैससास रणनीतिको अबधी ५ बर्षको हुनेछ ।

## परिच्छेद ३
## लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यता, औचित्यता, रणनीति तथा कार्यनीति र कार्यान्वयन कार्ययोजना

### ३.१. लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पनाः

"बिभेद रहित समाज निर्माण र समग्र बिकास प्रक्रियामा समानुपातिक समाबेशीताको सुनिश्चितता माडी गाउँपालिकाको प्रतिबद्धता" ।

### ३.२. ध्येयः

समाजमा बिद्यमान लक्षीत बर्ग समुदायको आर्थिक, सामाजिक र राजनैतिक शसक्तिकरण भई समग्र बिकासको मूलप्रबाहमा समानुपातिक सहभागिता सुनिश्चित भएको हुनेछ ।

### ३.३. लक्ष्यः

आगामी ५ वर्षभित्र सबै प्रकारका लैंगिक तथा सामाजिक बिभेदको अन्त्य गरी स्रोत तथा सेवा उपयोग र लाभ प्राप्तीमा समान पहुँच र निर्णायक तहमा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने ।

### ३.४. रणनीतिकउदेश्यहरुः

३.४.१. आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक र स्वास्थ्यका हिसावले लक्षित वर्गहरु विकासको मूलप्रबाहमा आएका हुनेछन् ।

३.४.२. समाजमा बिद्यमान बाल श्रम बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य भएको हुनेछ ।

३.४.३. लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, जातीय छुवाछुत लगायतका हानीकारक गलत सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ ।

३.४.४. लैससासमैत्री स्थानीय शासन प्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयन भएको हुनेछ ।

३.४.५. लैससासमैत्री अनुगमन मुल्यांकन प्रणाली ब्यबस्थीत भएको हुनेछ ।

### ३.५. लैससास मूलप्रबाहिकरण रणनीतिको मुल्य मान्यताहरु :

माडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मुल्यमान्यताहरुलाई आत्मसात गरिनेछ ।

क). समाजमा बिद्यमान सबै प्रकारका बिभेद तथा लैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अबलम्बन ।

ख). न्यायमा पहुँच सुनिश्चितता र सार्वजनिक स्रोत तथा लाभको न्यायोचित बितरण प्रणाली ब्यबस्थापन

ग). सकारात्मक सोचको बिकास र लैससासमैत्री ब्यबहार अवलम्बन ।

घ). समान तथा समाबेशी प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता ।

ङ). पिडित तथा प्रभावित र असाह्यहरुको लागि संरक्षण प्रणाली ब्यबस्थापन

च). समन्वय तथा साझेदारी र सहकार्य

### ३.६. लैससास रणनीतिको औचित्यता :

संबिधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु परिवर्तन गर्नु जरुरी छ । लैससास रणनीतिले गाउँपालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा ब्यक्ति, परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गरि लगु गर्न गराउन आबश्यकता महशुस गरी माडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ । लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छ ।

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रबाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्दछ ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षीत समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहर्रुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ ।

ङ) लैसससाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ ।

### ३.७. प्रमुख रणनीति तथा कार्यनीतिहरु

#### रणनीति ३.७.१

आयआर्जन तथा स्वरोजगार मार्फत लक्षीत समूहको जिविकोपार्जनमा सुधार ल्याउने ।

#### कार्यनीति

१) गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत बिपन्न तथा वञ्चित समूहका लागि सिपमूलक कार्यक्रम र आबश्यक प्रबिधि उपलब्ध गराउने ।

२) लक्षीत समूहले गर्दै आएका परम्परागत पेशाहरुको परिमार्जन तथा सुधार गर्ने गरी बार्षिक योजना तथा कार्यक्रम बनाई लागु गर्ने ।

३) बिपन्न एबं बञ्चित समूहका लागि बार्षिक रुपमा निश्चित प्रतिशत बजेटको ब्यबस्था अनिवार्य गर्ने ।

४) गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एबं सामाजिक रुपले पछाडी परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता बिकासका कार्यक्रम संचालन गर्ने ।

५) गृहणी महिलाहरुलाई उत्पादनमूलक कार्यमा आकर्षण बढाउन महिला उत्थान कार्यक्रम तथा योजना बनाई संचालन गर्ने ।

६) कृषि तथा पशुपालनमा आधारीत ब्यबसाय स्थापना तथा प्रबर्द्धन का लागि बार्षिक निश्चित प्रतिशत बजेट र योजना बिनियोजन अनिवार्य गर्ने ।

७) उद्यमीहरुको स्तरोन्नतीका लागि थप सिप तथा प्रबिधि बितरण साथै उत्पादित बस्तु तथा सेवाको बजारीकरण ब्यबस्था गर्ने ।

८) वडा तहमा खण्डिकृत तथ्यांक नियमित अद्यावधीक गरी लक्षीत बर्ग तथा समूहको पहिँचान र प्राथमिकिकरण गरी आर्थिक शसक्तिकरण सम्बन्धी कार्उक्रम तथा बजेट सुनिश्चित गर्ने ।

**रणनीति ३.७.२.**

नीति निर्माण तथा निर्णायक तहमा लैंगिक तथा समाबेशीकरण सहितको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने सहभागिता

**कार्यनीति**

१) लक्षीत समूहका मानिसहरुलाई निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्न नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरी गर्ने ।

२) स्थानीय स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरु र टोल विकास संस्थाका कार्यकारी पदमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरुको सक्रिय प्रतिनिधित्व बढाउन क्षमता बिकासका कार्यक्रम संचालन गर्ने ।

३) टोल, वडा हुदै गाउँपालिका तहका संरचनाहरुमा लैंगिक तथा समाबेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले कार्यबिधि बनाई लागु गर्ने गराउने ।

४) बिभिन्न अवसर तथा सेवा प्रबाहमा लक्षीत समूहको पहुँच बृद्धि गर्न सुचना प्रबाह संयन्त्र वा प्रणाली ब्यबस्थीत र प्रभावकारी बनाउने

**रणनीति ३.७.३.**

लैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अवलम्वन गर्ने ।

**कार्यनीति**

१) लैंगिक हिंसा मुक्त गाउँपालिका घोषणाका लागि आबधीक कार्य योजना बनाई लागु गर्ने गराउने ।

२) लैंगिक हिंसा तथा यौनजन्य दुरब्यबहार बिरुद्ध आचार संहिता बनाई सबै सार्वजनिक निकायमा टाँस गर्ने ।

३) लैंगिक हिंसा बिरुद्धका अभियानहरु संचालनका लागि सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गर्ने ।

३) गाउँपालिकाको बार्षिक नीति तथा योजनामा लैंगिक हिंसा बिरुद्धका कार्यक्रम सुनिश्चित गरी निश्चित प्रतिशत बजेट बिनियोजन गर्ने ।

४) जनचेतनामूलक अभियान ब्यापक बनाउन टोलबस्ती सम्मको अभियानमूखि संरचना बनाई परिचालन गर्ने ।

**रणनीति ३.७.४.**

सबै प्रकारका बिभेद तथा हानीकारक मुल्य मान्यता र कुरिती बिरुद्ध वकालत क्षमता बृद्धि गरी पिडित तथा प्रभावितहरुको न्यायमा पहुँच बढाउने ।

**कार्यनीति**

१) समाजमा बिद्यामान जातीय विभेद,सामाजिक असमानता,, लैंङ्गिक विभेद विरुद्ध प्रतिकारात्मक क्षमता बढाउन समुदाय तहमा कानूनी शिक्षा र जनचेतनामूलक अभियान सञ्चालन गर्ने ।

२) किशोरी लक्षीत आत्मरक्षा सम्बन्धी क्षमता बिकास तालीमको योजना बनाई लागु गर्ने ।

३) लैंगिक हिंसा, घरेलु हिंसा, लैंगिक बिभेद जस्ता मानविय तथा सामाजिक अपराध बिरुद्धका कानुनी प्राबधानहरुको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित संचालन गर्ने ।

४) लैंगिक हिंसा तथा घरेलु हिंसा पिडित तथा प्रभावितहरुलाई न्यायिक उपचारको अबधीभर सुरक्षति आवासका लागि सुरक्षीत आश्रयस्थलको ब्यबस्थापन गर्ने

५) लैंगिक हिंसा पिडितहरुको न्यायिक तथा स्वास्थ्य उपचार लगायत आर्थिक स्वावलम्बन सुनिश्चत गर्न लैंगिक हिंसा बिरुद्धको कोष परिचालन गर्ने ।

**रणनीति ३.७.५.**

बालमैत्री स्थानीय शासन प्रणाली अवलम्वन गर्ने ।

**कार्यनीति**

१) सबै सार्बजनिक निकायहरुमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागु गर्ने, गराउने ।

२) सबै बिद्यालयहरुमा बालबालिकाको लागि अलग अलग सौचालय र सेनिटरी प्याडको ब्यबस्था नियमित र अनिवार्य गर्ने ।

३) भय तथा त्रास रहित वातावरणमा पठनपाठन तथा शिक्षण सिकाई ब्यबस्थापन गर्ने

४) बालमैत्री तथा बाल संबेदनशिल ब्यबहार अबलम्बनका लागि परिवार, समाज लगायत सबै सरोकारवालाको क्षमता बिकासका लागि तालीम तथा अभिमूखिकरण गर्ने ।

५) बाल संजाल तथा बाल क्लब बिस्तार गरि परिचालन गर्ने ।

६) गाउँपालिकाको बाल संरक्षण नीति बनाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

७) बालबालिकको पुर्णखोप सुनिश्चिचताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम संचालन गर्ने

८) सबै सार्वजनिक निकायहरुमा स्तनपान कक्ष व्यबस्थापन सम्बन्धी कार्यबिधि बनाई लागु गर्ने गराउने ।

९) सबै सार्वजनिक निकायहरुमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागु गर्ने गराउने ।

१०) बिद्यालय तहमा बालबालिका माथि हुने हिंसा, यौनजन्य शोषण लगायत सबै प्रकारका बिभेद बिरुद्ध कानुनी साक्षरता कक्षा संचालन गर्ने ।

११) बालमैत्री ब्यबहार अबलम्बनका लागि सबै सरोकारवाला बिच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम संचालन गर्ने ।

**रणनीति ३.७.६**

बाल बिबाह अन्त्य भएको गाउँपालिका घाोषणा अभियान संचालन गर्ने ।

**कार्यनीति**

१) गाउँपालिकाको बाल बिबाह बिरुद्ध रणनीतिक योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।

२) सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान संचालन गर्ने ।

३) बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउने ।

४) बाल बिबाहलाई कानुनी दायरामा ल्याउने गरी प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

**रणनीति ३.७.७.**

लैससास सम्बन्धी राष्टिय कानुन तथा नीति र अन्तराष्टिय प्राबधानहरुको स्थानीयकरण गरी लागु गर्ने ।

**कार्यनीति**

१) लैससास सम्बन्धी राष्टिय नीति तथा कानुन र अन्तराष्टि प्राबधान अनुरुप स्थानिय कानुन तथा र कार्यबिधि बनाई लागु गर्ने गराउने ।

२) नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानून, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा गाउँपालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने ।

३) महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानूनहरु र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार, CEDAW, CRC, BPFA लगायतका अन्तराष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुलक अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने ।

४) दिगो विकास एजेण्डा, २०३० मा व्यवस्था भएका १७ वटा लक्ष्यहरु र उक्त लक्ष्य अन्तर्गतका सूचकहरु साथै दिगो विकास लक्ष्य नं. ५ ले निर्दिष्ट गरेको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका बारेमा गाउँकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा बार्षिक नीति तथा कार्यक्रम र बजेटको विनियोजनमा प्राथमिकता दिने ।

५) शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता अभिवृद्धि र द्वन्द्ध र द्वन्द्ध पश्चात हुने हिंसाबाट प्रभावितहरुको सुरक्षा सम्वन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सबै कर्मचारीहरु र समुदायस्तरमा अभिमूखीकरण गर्ने साथै सूचना तथा संचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याई जानकारी गराउने ।

६) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरुको बारेमा गाउँपालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुर्व्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गर्ने ।

**रणनीति ३.७.८.**

लैससासमैत्री संयन्त्र तथा सेवा प्रबाह सुनिश्चित गर्ने ।

**कार्यनीति**

१) गाउँपालिकामा लैङ्गिक समानता तथा समावेशी विकासका लागि सरोकारवाला बीच सञ्जाल गठन गरी नियमित कार्य गर्ने ।

२) लैससास इकाई/शाखा स्थापना गर्ने ।

३) गाउँपालिकाको लैससास इकाई/शाखामा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैंङ्गिक सम्पर्क व्यक्ति नियुक्त गर्ने ।

४) गाउँपालिकामा गठन गरिने विभिन्न समिति तथा उपसमितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैंङ्गिक समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।

५) गाउँपालिकाका सबै संयन्त्रहरु र गाउँपालिका भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैंङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

६) गाउँपालिका, वडा कार्यालय र यस क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्थाबाट संचालित योजना तथा कार्यक्रमको लैंङ्गिक तथा सामाजिक समावेशी परीक्षण गर्ने, गराउने ।

७) गाउँपालिका क्षेत्रमा गठित उपभोक्ता समिति, टोल विकास संस्था जस्ता समुह गठन गर्दा लक्षित समुदायहरुको समावेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाउने ।

८) गाउँपालिका लगायत यस क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संस्थाहरुबाट संचालित योजना तथा कार्यक्रमहरुको बार्षिक वा आवधिक सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

९) गाउँपालिकाका सबै वडाहरुका बस्तीहरुमा महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, वञ्चित तथा दलित वर्गको अर्थपूर्ण लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्दै टोल विकास संस्था गठन गरी परिचालन गर्ने ।

१०) महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको गाउँपालिकामा प्रत्यक्ष पहुँचका लागि उनीहरुको सञ्जाल निर्माण गरी परिचालन गर्ने ।

११) गाउँपालिकाका सबै किसिमका सेवा प्रवाह प्रक्रियामा लैङ्गिक सम्वेदनशील कार्य प्रणाली अवलम्वन गर्ने ।

**रणनीति ३.७.९.**

अनुगमन तथा मुल्यांकन र सुचना प्रणाली ब्यबस्थीत गर्ने ।

**कार्यनीति**

१) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यलाई नियमित गर्ने

२) वडा तह र गाउँपालिका तहको लैससास अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

३) गाउँपालिकाका नीति तथा योजना र कार्यक्रम लैससास उत्तरदायि बनाउन सम्बन्धी वडा तथा बिषयगत शाखाहरुसंग नियमित समन्वय र आबश्यक निर्देशन गर्ने ।

४) गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमबाट भएको उपलब्धी लैससासमैत्री भए नभएको मुल्यांकन गरी आबश्यक सुझाव दिने ।

### ३.८. माडी गाउँपालिकाको लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना

| रणनीतिक उदेश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयाअवधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने /नेतृत्व लिने |
|---|---|---|---|---|
| ३.४.१. आर्थिक, सामाजिक, राजनैतिक, रुपले पछाडी परेका वर्गहरु विकासको मूलप्रबाहमा आएका हुनेछन् । | १. महिला र विपन्न लक्षित बर्ग समुदायको जिविकोपार्जनमा टेवा पुग्ने गरि आबश्यक सिपमूलक तालिम र प्रबिधि व्यवस्था गर्ने ।<br>२ महिला सहकारी संस्थालाई उत्पादनमुलक व्यवसाय तथा स्वरोजगार क्षेत्रमा प्रेरित गर्नका लागि बजेट व्यवस्था गरि कार्यक्रम सञ्चालन गर्ने ।<br>३.. स्रोत तथा अवसरहरुमा पहुँच बढाउन क्षमता बिकास र जनचेतनाका कार्यक्रम संचालन गर्ने ।<br>४. खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गर्न आबश्यक बजेट र मानव स्रोत व्यबस्थ ागर्ने ।<br>५) नेतृत्व बिकास र कानुनी हक अधिकार बारे तालीम संचालन गरी निर्णायक भूमिकामा समाबेशी र अर्थपुर्ण सहभागिता बढाउने ।<br>६) कृषि तथा पशुपालन ब्यबसायमा सुधारका लागि कृषि तथा पशुपालन सम्बन्धी प्राबिधिम तयार गरी परिचालन गर्ने ।<br>७)आधारभुत शिक्षा र आधारभुत स्वास्थ्य निशुल्क बनाउन आबश्यक बजेट र कार्यबिधि बनाई लागु गर्ने । | आ.व. २०७९।०८० देखि निरन्तर कार्यान्वयन गर्ने । | लक्षीत गरिएका महिला, दलित, अपाङ्ग, जनजाती, एकल महिला, अतिविपन्न, दुर्गम बस्तीका समुदाय आदि । | ▪ गाउँकार्यपालिका,<br>▪ सुचना शाखा,<br>▪ महिला तथा बालवालिका शाखा |

| | | | | |
|---|---|---|---|---|
| ३.४.२. समाजमा बिद्यमान बाश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य भएको हुनेछ । | १) गाउँपालिकाले बाल संरक्षण नीति बनाई प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।<br>२) बालश्रम तथा बाल बिबाह अन्त्यका लागि अभियान संचालन गर्न वडा तहसम्मको बालबालिकाहरुको संयन्त्र बनाई परिचालन गर्ने ।<br>३) सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान संचालन गर्ने ।<br>४) बाल बिबाह बिरुद्ध रणनीतिक योजना बनाई लागु गर्ने गराउने ।<br>५) बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउने ।<br>६) बाल बिबाहलाई कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया संचालन गर्ने ।<br>७) बालमैत्री संरचना निर्माण गर्न, गराउन कार्यबिधि बनाइ लागु गर्ने ।<br>८) अतिविपन्न तथा असाह्य बालबालिकाको लागि पोशाक र शैक्ष्िक सामाग्री ब्यबस्था गर्न आबश्यक बजेट ब्यबस्था गर्ने ।<br>९) बालमैत्री संरचना निर्माण गर्न कार्यबिधि बनाई लागु गर्ने ।<br>१०) बालमैत्री ब्यबहार अवलम्वनका लागि नियमित अनुगमन तथा नियमन प्रणाली ब्यबस्थीत गर्ने ।<br>११) अविभावक तथा साहारा बिहिन बालबालिकाहरुको संरक्षणका लागि कार्यबिधि बनाई लागु गर्ने । | आ.व. २०७९।०८० देखि निरन्तर | बालबालिका, अबिभावक, समुदाय, । सरोकारवाल | गाउँकार्यपालिका, महिला तथा बालबालिका शाखा |
| ३.४.३. लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, जातीय छुवाछुत लगायतका हानीकारक गलत | ▪ लैंगिक हिंसामुक्त गाउँपालिका घोषणाका लागि गाउँपालिकाको आबीधक कार्ययोजना बनाई लागु गर्ने गराउने ।<br>▪ घरेलु हिंसा तथा लैंगिक हिंसा बिरुद्ध कानुनी प्रावधानहरु बारे समुदाय तहमा कानुनी साक्षरता तालीम तथा अभिमूखिकरण संचालन गर्ने ।<br>▪ लैंगिक हिंसा बिरुद्ध आचारसंहिता बनाई सबै सार्वजनिक कार्यालयमा | २०७९।०८० देखि निरन्तर | महिला, एकल महिला, असाह्य महिला, बालिका, किशोरी, मदिरा सेवान गर्ने पुरुष, होटल ब्यबसाय,सबै | ▪ गाउँकार्यपालिका,<br>▪ लैंससास सम्पर्क ब्यक्ति<br>▪ महिला तथा बालवालिका |

| | | | | |
|---|---|---|---|---|
| सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ । | टाँस गर्ने ।<br>■ गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र बनाई लागु गर्ने ।<br>■ न्यायिक समिति लगायत मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरुको क्षमता बिकास गरी परिचालन गर्ने<br>■ घरेलु हिंसा अन्त्यका लागि वडा तथा समुदाय तहमा तालीम तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>■ हिंसाको जडको रुपमा रहेको मदिरा बिक्रि बितरण तथा सेवनलाई नियमन गर्न गाउँपालिकाको कार्यबिधि बनाई लागु गर्ने ।<br>■ लैंगिक हिंसा र घरेलु हिंसा बिरुद्धका अभियान मार्फत टोल हुदै वडा र गाउँपालिका घोषणाको राण्नीतिक कार्ययोजना बनाई लागु गर्ने ।<br>■ सुरक्षीत मातृत्व र प्रजनन् अधिकार बारे महिला समूह, आमा समूह र सहकारीका सदस्यहरु बिच अभिमूखिकरण गर्ने<br>■ अति बिपन्न, असाह्य, ज्येष्ठ नागरीकका लागि निशुल्क स्वास्थ्य विमाको व्यवस्था गर्ने ।<br>■ जातिय छुवाछुत विषयमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>■ दाईजो प्रथा, छुवाछुत प्रथा, धामीझाक्रि प्रथा, मदिरा नियमन तथा नियन्त्रणका लागि कार्यबिधि  बनाई लागु गर्ने गराउने ।<br>■ सबै प्रकारका बिभेद, बाल बिबाह, बहुबिबाह लगायत सामाजिक अपराध बिरुद्ध जनचेतना अभिबृद्धि गर्न समुदाय तहमा किानुनी साक्षरता कक्षा संचालन गर्ने ।<br>■ हिंसा पिडित तथा प्रभावितहरुको संरक्षण तथा सुरक्षाका लागि अल्पकालिन आश्रयस्थलको ब्यबस्थापन सम्बन्धी कार्यबिधि बनाई लागु गर्ने । | | सरोकारवाला निकाय । | शाखा |
| ३.४.४. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक | ■ लैङ्गिकमैत्रि बालमैत्री, अपांगमैत्री संरचना निर्माण सम्बन्धी गाउँपालिकाको कार्यबिधि बनाई लागु गर्ने, गराउने । | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाल सार्वजनिक निकाय, स्थानीय संजाल, | गाउँकार्यपालिका, महिला तथा बालबालिका |

| | | | | |
|---|---|---|---|---|
| उत्तरदायि बजेट कार्यान्वयनमा आएको हुनेछ । | ▪ गाउँपालिकाका लैंगिक समानता र सामाजिक समाबेशीकरण सम्बन्धी कार्यक्रम तथा बजेट एकद्धार प्रणाली मार्फत कार्यान्वयन गर्ने व्यबस्था गर्ने ।<br>▪ लैससास सम्बन्धी बनेका नीति तथा कानुन कार्यान्वयन गर्न गराउन सबै सरोकारवाला र लक्षीत समुह बिच अभिमूखिकरण मार्फत जानकारी गराई कार्यान्वयन गर्न निर्देशन तथा प्रोत्साहन गरिनेछ ।<br>▪ अनुगमन मुल्यांकन प्राणालीलाई व्यवस्थित र नियमित गर्ने | | स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि । | शाखा |
| ३.४.५. लैससासमैत्री अनुगमन तथा मुल्यांकन तथा सुचना प्रणाली व्यबस्थीत गर्ने | १) वडा तह र गाउँपालिका तहको लैससास अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।<br>२) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यलाई नियमित गर्ने ।<br>३) गाउँपालिकाका नीति तथा योजना र कार्यक्रम लैससास उत्तरदायि बनाउन सम्बन्धी वडा तथा बिषयगत शाखाहरुसंग नियमित समन्वय र आबश्यक निर्देशन गर्ने ।<br>४) गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमबाट भएको उपलब्धी लैससासमैत्री भए नभएको मुल्यांकन गरी आबश्यक सुझाव दिने ।<br>५) लैससासमैत्री सुचना प्रबाह सम्बन्धी संयन्त्र बिकास गर्ने । | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाल सार्वजनिक निकाय, स्थानीय संजाल, स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि । | गाउँकार्यपालिका, महिला तथा बालबालिका शाखा, सुचना शाखा । |

## परिच्छेद ४ :

## लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति कार्यान्वयन तथा अनुगमन

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशिल भई गाउँपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैंगिक तथा समाबेशीमैत्री बनाउन गाउँपालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समाबेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, बिकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

### ४.१. लैससास मूलप्रबाहीकरणका लागि संस्थागत संयन्त्र :

गाउँपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरुमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैंगिकमैत्री बनाइनेछ । गाउँपालिकाको सबै संरचनाहरुमा संस्थागत व्यबस्थापन साथै पाीरचालन सम्बन्धी सिपको बिकास गर्न र सामुदायिक विकास कार्यक्रममा समानुपातीक सहभागिता र समावेशीकरण प्रक्रियालाई समाहित गर्नु आवश्यक रहेको छ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र व्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

(क) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

(ख) लैससास शाखा चलायमानका लागि लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person) नियुक्त गरी कार्यबिबरण तोकीनेछ ।

(ग) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरु र गाउँपालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको ब्यबस्था गरिनेछ ।

(घ) गाउँपालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने ।

(ङ) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागिता गराई टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने ।

(च) गाउँपालिकाको हरेक संरचनामा लैंगिक तथा समाबेशी रुपले अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने

(छ) गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि पारिएका

समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

(ज) सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

### ४.२. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन :

गाउँपालिकाले लैससास रणनीति कार्यान्वयन कार्ययोजना कार्यान्वयनकालागि आबश्यक स्रोत संकलन तथा परिचालन गर्न निम्न प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

क) गाउँपालिकाको बिकासका लागि बिनियोजित कूल स्रोत तथा बजेटको निश्चित प्रतिशत रकम लैससास क्षेत्रमा सुधारका लागि बिनियोजन गर्ने ब्यबस्था मिलाउने ।

ख) गाउँपालिकामा लैससासको क्षेत्रमा क्रियाशिल सबै सरोकारवाला निकाय बिच नियमित समन्वय र सहकार्य गरी योजना तथा स्रोत परिचालन गर्ने क्रममा एकद्धार प्रणाली अवलम्वन गर्ने ।

ग) लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीच अभिमूखिकरण गराई कार्यान्वयनका लागि निर्देशन गर्ने ।

घ) गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी तथा योजना निर्माण र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरुलाई आबश्यक समन्वय तथा निर्देशन गर्नेछ ।

ङ) गाउँपालिकाको सिमित स्रोतको अधिकतम उपयोग हुने गरी बञ्चित समुदायलाई बिकासमा मूलप्रबासहकरण गर्न आबश्यकता र अवस्था अनुसार न्यायस्रोत परिचालन गर्दा ेचित वितरण प्रणाली अवलम्वन गर्ने ।

### ४.३. अनुगमन प्रणाली :

माडी गाउँपालीकाबाट निर्माण गरिएको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति र रणनिति प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित गर्न बार्षिक रुपमा लैंगिक समानता तथा सामजिक समाबेशीकरण परिक्षण गर्नुका साथै गाउँपालिका र वडा तहमा अनुगमन संयन्त्र गठन गरि परिचालन गरिनेछ । गाउँपालिकाको अनुगमन टोलीमा सुपरिवेक्षण तथा अनुगमन समिति र लैससास शाखाका प्रतिनिधीहरुको प्रतिनिधित्व गराइनेछ । साथै उक्त टोलीमा महिला, बालबालिका तथा वञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ ।

### ४.३.१. अनुगमन संयन्त्र गठन तथा परिचालन :

माडी गाउँपालीकाको लैंगिक तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका नीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचािलन गरिनेछ । लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा

र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ ।

गाउँपालिकाद्धारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी सुधारका लागि आबश्यक निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने गरी लैससास रणनीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरी राष्ट्रिय कार्यविवरण तोकीएको छ ।

**(क) गाउँपालिकास्तरीय लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| १) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| २) गाउँपीलकाका उपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) सामाजिक शबिकास समिति संयोजक | सदस्य |
| ५) पालिकास्तरीय लक्षित समूह सञ्जालबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित २ जना प्रतिनिधी | सदस्य |
| ६) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य सचिव |

**(ख) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

१) लैससास कार्यान्वयन तथा अनुगमन समितिको बैठक संचालन सम्बन्धी कार्यबिधि बनाई लागु गर्ने ।

२) बिभिन्न सरोकारवालाको सहभागितामा बार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

३) लैंगिक, सामाजिक, भौगोलिक, आर्थिक तथा सास्कृतिक दृष्टिले पछाडी परेका समूहको समग्र स्थितिको अध्ययन तथा बिश्लेषण गरी आबश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत सुधारका बिषयमा गाउँसभमा सिफारिस गर्ने ।

४) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरी नेतृत्व क्षमता विकासका नीति, योजना तथा कार्यक्रम तर्जुमा भए नभएको अनुगमन गरी लैससासमैत्री बनाउन आबश्यक सुझाव दिने ।

५) लैससास नीति तथा रणनीतिसंग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा आबश्यकता अनुसार सहयोग तथा समन्वय गर्ने र नियमित अनुगमन गरी सुधारका लागि हरेक चौमासिक रुपमा सम्बन्धीत बिषयगत शाखा तथा निकायहरुलाई सुझाव पेश गर्ने ।

६) वडा तह र समग्र गाउँपालिकाको लैससास हिसावले खण्डिकृत तथ्यांक संकलन तथा बिश्लेषण गरी सोही अनुरुप बार्षिक नीति तथा कार्यक्रम र योजना निर्माण गर्न योजना तर्जुमा समिति र गाउँसभामा सिफारिस गर्ने ।।

७) लैससास बजेट परिक्षँण कार्यदल संग समन्वय गरी सबार्षिक रुपमा लैससास बजेट परिक्षण गर्न अभिप्रेरित गर्ने ।

८) लैंगिक हिंसा, घरेलु हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र र बैकल्पीक हेरचाह सम्बन्धी कार्य योजना बनाई लागु गर्न निर्देशन गर्ने ।

९) लैससास नीति कार्यान्वयन क्रममा आउन सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि सुझावहरु पेश गर्ने ।

१०) लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्न गराउन बिभिन्न सरोकारवाला निकाय बिच नियमित समन्वय र साझेदारी गर्ने ।

(ग) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| १) वडा अध्यक्ष | संयोजक |
| २) वडा समितिका सदस्यहरु | सदस्य |
| ३) वडास्तरीय लक्षित समुह सञ्जाल मध्येबाट | |
| वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| ४) वडास्तरीय बाल संजालको अध्यक्ष | सदस्य |
| ५) वडा सचिव | सदस्य सचिव |

**(घ) वडास्तरीय अनुगमन तथा निर्देशन उपसमितिको काम कर्तब्य र अधिकार**

१) लैंससास हिसावले वडा तहको खण्डिकृत तथ्याङ्क संकलन तथा नियमित अद्याबधीक गर्ने गराउने ब्यबस्था मिलाउने ।

२) वडातहका योजना तर्जुमा छनौट प्रकृयामा विपन्न तथा बञ्चित वर्ग र महिलाहरुलाई अनिवार्य सहभागी गराउने वातावरण मिलाउने

३) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच तथा लाभ प्राप्तीमा समाबेशी पहुँच सुनिश्चित गर्ने ।

४) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन गरी आबश्यक सुझाव दिने ।

५) गाउँपालिकाले लैससास रुणनीतिमा प्राथमिकिकरण गरेका लक्षीत समुहको आर्थिक सामाजिक र राजनैतिक शसक्रिकरणका लागि योजना तथा कार्यक्रम बनाई गाउँसभामा पेश गर्ने ।

६) वडास्तरमा संचालीत योजना तथा कार्यक्रमहरु लैससासमैत्री भए नभएको अनुगमन गरी लैससास उत्तरदायी बनाउन पहल गर्ने ।

## ४.४ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| क्र.सं | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपतामा कमी हुन सक्ने । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । | |
| २ | सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा नपर्न सक्ने । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । | |
| ३ | लैससास नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्ने । | ▪ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । | |
| ४ | लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायोचीत बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । | |

| | | | |
|---|---|---|---|
| ५ | गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्ने । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । | |
| ६ | टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्ने । | ▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । | |
| ७ | वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने | |
| ८ | खण्डिकृत तथ्याङ्क तथा सूचनाहरु संकलन तथा अद्यावधीक हुन नसक्नु । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । | |
| ९ | स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँच कमी । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने ।<br>▪ लक्षीत बर्ग समुदायको बिकासका लागि निश्चित प्रतिशत बजेटको ब्यबस्था गर्ने । | |

## ४.५. कानुनी व्यवस्था तथा पुनरावलोकन

### ४.५.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

माडी गाउँपालिकाले लैससास रणनीति निर्माण क्रममा लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी राष्ट्रिय कानुन तथा नीतिहरु र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानेको छ ।

### ४.५.२.नीतिको पुनरावलोकन तथा सुधार

माडी गाउँपालिकाद्वारा जारी गरिएको लैससास मूलप्रबाहिकरण रणनीति २०७८ लाई अनुगमन तथा मूल्याङ्कनको आधारमा आधारमा आवश्यकता अनुसार परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयता सम्बन्धी आबधीक समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

## अनुसुची १

लैससास रणनीति निर्माण तथा कार्यान्वयन कार्यदल गठन :

लैससास निर्माण तथा कार्यान्वयन कार्यदलमा सहभागिहरुको बिबरण निम्नानुसार उल्लेख गरिएको छ :

१) संयोजक : श्री धनिकला घर्तिबुढा गा.पा. उपाध्यक्ष

२) सदस्यः श्री ललित घर्तिमगर वडा अध्यक्ष वडा नं २

३. सदस्य : श्री भरत बहादुर बुढा वडा अध्यक्ष वडा नं ५

४) सदस्यः श्री झग्गु प्रसाद परियार कार्यपालिका सदस्य

५) सदस्य श्री इश्वरी प्रसाद गौतम प्रमुख प्रशासकिय अधिकृत

६) सदस्य : श्री यमुना खड्का सुचना अधिकृत

७) सदस्य सचिव : श्री सुन्दरी चौधरी, महिलता तथा बालबालिका शाखा प्रमुख

## अनुसुची २ माडी

गाउँपालिका भित्र लैससासको क्षेत्रमा क्रियाशिल सरोकारवालाहरु :

- महिला तथा बालवालिका शाखा, न्यायिक समिति, लगायत सबै विषयगत शाखाहरु
- वडा कार्यालय
- गाउँपालिका तथा वडास्तरीय बालअधिकार समिति
- हिंसा पिडित महिला, बालिका र किशोरीका लागि जिल्लामा अल्पकालिन सेवा केन्द्र
- टोल विकास संस्था लगायत बिभिन्न उपभोक्ता समिति, अपांग संजाल
- शिक्षण संस्था
- अस्पताल र अस्पतामा आधारीत एक द्धावार संकट व्यवस्थापन केन्द्र ।
- लैससास. निर्माण तथा कार्यन्वयन कार्यदल
- प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालय (महिला सेल)
- जिल्ला अदालत र जिल्ला सरकारी वकिल कार्याल
- जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समिति
- गैसस महासंघ लगायत हुरेक नेपाल, रुडास नेपाल, यू.एन.एफ. पि.ए., नेपाल रेडक्रस सोसाइटी

- पत्रकार महासंघ र बिभिन्न सञ्चार माध्यम
- स्वास्थ्य संस्था, आमा समूह र महिला स्वास्थ्य स्वयंसेवीका
- बैङ्क तथा वित्तिय संस्थाहरु
- प्रदेश मन्त्रालय तथा विषय गत शाखा र संघिय तहका मन्त्रालय तथा कार्यलय विषयगत शाखा

## अनुसुची ३ :
## माडी गाउँपालिकामा लैससास रणनीति निर्माण क्रममा समूह छलफल क्रममा सहभागि सदस्यहरुको नामावली

### समूह १

श्री जयप्रकाश बुढा जनस्वास्थ्य अधिकृत, श्री पुर्णिमा घर्ति अ.न.मि., श्री आइतमाली घर्ति कार्यपालिका सदस्य, श्री सुन्दरी चौधरी स.म.बि.नि., श्री हिसिला डांगी बरिष्ठ उद्यम बिकास सहजकर्ता, , श्री अमर डाँगी पोषण संयोजक, श्री बिर श्री भद्रबिर घर्ति वास संयोजक, श्री पानसरा परियार दलित महिला सदस्य ।

### समूह २

श्री धनिकला घर्ति बुढा, गा.पा. उपाध्यक्ष, श्री खिम बहादुर घर्तिमगर वडा अध्यक्ष वडा नं. ४, श्री खड्क गर्धिमगर कार्यपालिका सदस्य वडा नं २, श्री दिपेन्द्र बठामगर सब इन्जिनियर, श्री ज्योती बुढामगर गाउँप्रहरी, श्री तुलसा रोकामगर कृषि प्राबिधिक, श्री झक्कु प्रसाद परियार कार्यपालिका सदस्य, श्री साबित्रा पुन उद्यम बिकास सहजकर्ता ।

### समूह ३ :

श्री नन्द बहादुर पुन गाउँपालिका अध्यक्ष, श्री दल बहादुर घर्तिमगर वडा अध्यक्ष वडा नं ३, श्री चेतन बिक्रम पुन नायब पशुसेवा प्राबिधिक, श्री ममता पुन ना.प्रा.स., श्री शुसिल प्रकास सुनार स्वा, प्रा.चौथो, श्री कमल प्रसाद खत्री शिक्षा शाखा प्रमुख, श्री हरी प्रसाद घर्तिमगर वडा सदस्य, श्री बालिका सुनार सहजकर्ता ।

**अनुसुचि ४ माडी गाउँपालिकाको लैससास कार्यशालामा सहभागिहरुको नामावली बिबरण**

| क्र.स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा.क्षे.ठ. | जनजाति पहाड/ तराई | दलित पहाड / तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| १ | नन्द बहादुर पुन | अध्यक्ष | ९८५७८२५५०५ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| २ | धनीकला घर्ति | उपाध्यक्ष | ९८६८३३२००९ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| ३ | खिम बहादुर घर्तिमगर | वडा अध्यक्ष वडा नं ४ | – | - | - | √ | - | - | √ | - | - | - | - | - |
| ४ | भरत बहादुर बुढामगर | वडा अध्यक्ष वडा नं ५ | – | vkcouple.bm@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| ५ | दल बहादुर घर्तिमगर | वडा अध्यक्ष वडा नं ३ | – | - | - | √ | - | - | √ | - | - | - | - | - |
| ६ | आइतमाली घर्ति | का.सदस्य | ९८६६९९१२७५ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| ७ | पुर्णिमा घर्तिमगर | स्वा.सह संयोजक | ९८४७८५९६८५ | gmpurnima685@gmail.com | √ | - | - | - | √ | - | - | - | - | - |
| ८ | जय प्रकाश बुढा | स्वा. संयोजक | ९८५५०४६५१२ | jayamagar25@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| ९ | घनश्याम महरा | कानुनी सल्लाहकार | ९८६०१५५२४१ | saimanprasamsha776@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १० | दिपेन्द्र बाठामगर | सव इन्जिनियर | ९८४७५८७८५३ | badhadipendra56@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| ११ | चेतन बिक्रम पुन | ना.प.से.प्रा | ९८४४९४१३९६ | chetanbpun@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| १२ | यमुना खड्का | सुचना प्रबिधि अधिकृत | ९८६९७४०७१४ | ito.madirmun@gmail.com | √ | - | - | √ | - | - | - | - | - | - |
| १३ | सबिता पुन | उद्यम बिकास सहजकर्ता | ९८६७९३०२६१ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| १४ | सुन्दरी चौधरी | स.म.बि.नि. | ९८४७८८०२६५ | sundarichaudhary | √ | - | - | - | √ | - | - | - | - | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | @gmail.com | | | | | | | | | | |
| १५ | भद्रबिर घर्ति | वास संयोजक | ९८४८७३९०४८ | bhadrabir100@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| १६ | अमर डाँगी | पोषण संयोजक | ९८६०५९१३५४ | amardangu05@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १७ | हिसिला डाँगी | उद्यम बिकास सहजकर्ता | ९८६८६६०७२३ | heesiladangi076@gmail.com | √ | - | - | √ | - | - | - | - | - | - |
| १८ | ममता पुन मगर | ना.प्रा.स. | ९८४४९६८८३० | mamatapunmagar2051@gmail.com | √ | - | - | - | √ | - | - | - | - | - |
| १९ | तुल्सा रोकामगर | ना.प्र.स | ९८६५२९१०६० | tulsarokamagar5@gmail.com | √ | - | - | - | √ | - | - | - | - | - |
| २० | ललित घर्तिमगर | वडा अध्यक्ष वडा नं २ | ९८५७८२४१४८ | magarlalita910@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| २१ | शुसिल प्रकाश सुनार | खा.पा.स.के. | ९८६९२०४०८ | paribartanrmsushil@gmail.com | - | √ | - | - | - | √ | - | - | - | - |
| २२ | कमल प्रसाद खत्री | शि.शा.प्रमुख | ९८६२२३३३७५ | kamalpeasadkhatri@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| २३ | खडक बहादुर घर्तिमगर | वडा सदस्या वडा नं २ | ९८५७८२४९३३ | khadkagm928@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| २४ | बालिका सुनार | ए.एस.एच.ए. | ९८६८६०२९२० | sunarbalika7@gmail.com | √ | - | - | - | - | √ | - | - | - | - |
| २५ | हरी प्रसाद घर्तिमगर | वडा सदस्य | ९८६६७०५५२७ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| २६ | पानसरा परियार | दलित महिला सदस्य | ९८६९८३३३९० | = | √ | - | - | - | - | √ | - | - | - | - |
| २७ | चन्द्र प्रकाश वली | शिक्षक | ९८६८६२२४३७ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| २८ | झक्कु प्रसाद परियार | का. सदस्य | ९८५७८५००११ | - | - | √ | - | - | - | √ | - | - | - | - |
| | | जम्मा | | | | | | | | | | | | |

जनप्रतिनिधिको संख्या : **१० जना** कर्मचारीको संख्याः **.१८ जना** अन्य सहभागीको सं **(संघसंस्था तथा संजालबाट) : ० जना**

## अनुसुची ५

## अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची :

- गाउँपालिकाको पार्श्वचित्र २०७५
- अपांग परिचय पत्र बितरण कार्यबिधि २०७५
- न्यायीक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५
- नेपालको संबिधान २०७२
- लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन
- लैससास सम्बन्धी अन्तराष्ट्रिय महासन्धी तथा प्राबधानहरु